**कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित**
**सार्वजनिक सुनुवाई (२०८१/०४/०१ देखी २०८१/०७/२७) कार्यक्रममा**
**कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण**

1. **पृष्ठभूमिः**

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८१/०४/०१ देखी आज मिति २०८१/०७/२८ गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. मोडरेटरः
3. समयः दिनको १ बजे
4. स्थानः वडा न. ९ वडा कार्यालय भवन परिसर
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन्:
   1. चालु आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने।
   2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने।
   3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने।
   4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने।
   5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने।

6. **सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू**

क) **अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः**

१.सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक संस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ।

कालिका नगरपालिकाको सेवा प्रवाहलाई जनमुखी बनाई सहजीकरण बनाउन नगर कार्यपालिकाको कार्यालय , सम्बन्धित वडा कार्यालयमा सेवाग्राही सेवा केन्द्र, स्थापना गरि सेवा प्रवाह भईरहेको छ। नगरस्थित नागरिकको सेवा

प्रवाह गर्ने विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरुलाई उपस्थित हुन अनुरोध गरिएको छ। सरकारी गैरसरकारी संस्थाका प्रतिनिधिहरुलाई कार्यक्रममा उपस्थिति हुनको लागि अनुरोध गरिएको छ।

२.बाढी नियन्त्रण कार्य र जोखिममा परेका स्थानको पहिचान गरि कार्यक्रम संचालन गरिने छ।

कालिका नगरपालिका क्षेत्रबाट बग्ने सदाबहार तथा खहरे खोलाको डुवान कटानका साथै जनधनको क्षति कम गर्नका लागि प्रचलित कानूनको परिधि भित्र रहि आई. ई. ई. तथा डी.पी.आर . गरि कार्य अगाडि बढाईएको छ | आगामी आर्थिक वर्ष सम्म बुंग खोला व्यवस्थापन गरिनेछ भने अन्य खोलाको बाढी नियन्त्रणमा संघ प्रदेश र जिल्ला स्थीत सरकारी कार्यालय गैर सरकारी सस्थाहरु संग समन्वय गरि तटवन्धन तथा अस्थाई प्रकृतिका कार्यहरु अगाडि बढाईएको छ।

३.सेवा प्रवाहको औजरको रुपमा रहेको नागरिक अभिमत –पत्रमा प्राप्त सुझावहरुलाई प्रवाभकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ।

नागरिक अभिमत पत्र एक स्वतन्त्र सस्था मार्फत लिईने , र सो बाट आएका सुझाबहरु नागरिकको पालिका प्रति राखेको अपेक्षा महसुस गरिने भएकोले यसलाई बढी विश्वासिलो र भरपर्दो माध्यम हुने भएकोले यथार्थ परक मा रहि सुझाव दिन पनि नगरपालिका सेवाग्राहीमा अनुरोध छ।

४. त्रैमासिक रुपमा भए गरेका कार्यहरु स्वेत प्रकाशन विभिन्न संचारका मध्यम, वेबसाइट तथा सामाजिक संजाल मार्फत सार्वजनिकीकरण गरिनेछ।

कालिका नगरपालिकाले प्रत्येक ३/३ महिनामा भए गरेका कार्यको विवरण समेटेर आफ्नो स्वेत पत्र नियमित रुपमा जारी गर्ने गरिएको छ , जसलाई कालिका नगरपालिकाको वेव साईड , जिल्ला हुलाक कार्यालय , जिल्ला प्रशासन कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरिएको छ। थप जानकारी आवश्यक भएमा कालिका नगरपालिका सूचना शाखामा सम्पर्क राखी प्राप्त गर्न सक्ने व्यवस्था मिलईएको छ।

५.कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औसधी व्यवस्थित एवं सुधार गरिनेछ।

कालिका नगर अस्पतालबाट प्रदान गर्ने सेवालाई बढी प्रवाभकारी बनाउन बिशेषयज्ञ सेवा थप गरिएको छ। अस्पतालको प्रयोगशालालाई अपग्रेड गरिएको छ। २४ सै घण्टा सेवा प्रदान गर्दै आईरहेको भएतापनि थप प्रवाभकारी बनाईएको छ। बिमाका बिरामी लाई पनि प्राप्त गर्ने औसधि सहज बनाईएको छ। विभिन्न भ्याक्सिनेशन कार्यलाई पनि प्रवाभकारी बनाईएको छ।

६. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईने छ।

क. सेवा प्रवाह लाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई ९ वटा वडामा पुर्याएको र बाकी वडामा क्रमश हस्तान्तरण गर्दै लगिनेछ। सेवा प्रवाहको क्रममा कर्मचारीहरुबाट सेवकको रुपमा प्रस्तुत हुने अनावश्यक झन्झटिलो कानुनी प्रक्रियालाई सरल र सहज बनाईने छ।

७. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिइने छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश कार्यान्वयन गरिएको र आगामी दिनमा पनि गरिदै लगिने छ।

८. कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छः

क) कालिका नगरपालिकाबाट विभिन्न सीप विकास कार्यक्रम संचालन गर्न रकम बिनियोजन गरि चालु आर्थिक वर्षमा करिव १५० जनालाई स्व -रोजगार तालिम उपलब्ध गराउने गरि कार्यक्रम संचालन भई रहेको।

ख) नगरपालिकाबाट बिगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न रकम बिनियोजन गरिएको | बिउ पुजि बृद्धि गर्दै लगिनेछ।

**<u>हाम्रा थप प्रतिवद्धता</u>**

१. संघ , प्रदेश ,स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ। नेपालमा ३ तहको सरकार विद्यमान रहेको अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२. बिधुत प्राधिकरणसंग अधुरा तथा पहुच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई बिधुत प्राधिकरण संग सहकार्य गरि अगाडि बढाईने छ।

३. नगरको फोहर व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ। आगामी चौमासिक भित्र नगरको फोहर व्यवस्थापन गरि घर घर बाट नै उठाईने व्यवस्था मिलाईनेछ।

ख . प्रथम चौमासिक अवधिमा भए गरेका कार्यहरु:-

१.कालिका नगरपालिकाको बार्षिक समिक्षा सम्पन्न।

२. राष्ट्रिय परिचय पत्र सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न।

३. पालिका /पालिका बीच समन्वयात्मक कार्यक्रम सम्पन्न।

४. पर्यटन सम्भावना र चुनौती बिषयक सरोकारवाला संगको अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।

५. बजार अनुगमन कार्यक्रम संचालन।

६. फोहरमैला व्यवस्थापन सम्बन्धि अनुशिक्षण कार्यक्रम सम्पन्न।

७. उद्यमशिलता कार्यक्रमका लागि सामाजिक परिचालन कार्यक्रम संचालन।

८. महिलाहरुको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न।

९. बालमैत्री स्थानीय पालिकाको लागि वडा , नगर सहजकर्ता तथा सम्पर्क व्यक्तिलाई अभिमुखीकरण तालिम सम्पन्न।

१०. सामाजिक सुरक्षाको प्रथम किस्ता रकम समयमा नै निकासा गरिएको।

११. नगरपालिकाबाट सहजीकरण गरि मल वितरण कार्य सम्पन्न।

१२. आ.व. २०८१/०८२ का लागि १० वटा योजनाको बोलपत्रको सूचना प्रकाशन गरिएको।

१३. यस अवधिमा ८०० मिटर सडक कालोपत्रे गरिएको।

१४. राष्ट्रिय परिचय पत्रको फोटो खिचाउने तथा बनेका परिचय पत्र वितरणको व्यवस्था मिलाईएको।

## शाखागत प्रगति प्रस्तुतिः

### प्रशासन शाखाः

दरवन्दी तथा पदपुर्ति अवस्थाः

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | | करार सेवातर्फ | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | | १ | नगरपालिका तथा वडातर्फ | ४६ |
| जम्मा | ५९ | ५२ | ७ | १ | | २ | स्वास्थ्यतर्फ | ४३ नगर अस्पतालसमेत |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | | ३ | ज्यालादारी | १२ |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | | ४ | जम्मा | १०१ |
| | ३१ | ३३ | ० | १ | | जम्मा कर्मचारी संख्याः १७९<br>केही दरवन्दीमा केही पद रिक्त छन्। सिडिइ १, कृषि अधिकृत १,प्रशासन तर्फ पाचौं २,लेखाा सहायक पााचौं १,पशुसेवा शाखा तर्फ चौंथों १, प्राबिधिक तर्फ पााचौं १ गरी जम्माः ७<br>सिडिइ र कर्षि अधिकृत पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमापद २ माग गरिएको । अन्य पदहरु हालै रिक्तरहेकोले माग आकृति पठाउने तयारी रहेको एकजना लेखा सहायकस्तर पाँचौंलाई सरुवा सहमति प्रदान गरिएको छ । कालिका नगरपालिकाको O&M प्रकृया अगाडी वढेको। | | |
| जम्मा | ९० | ७७ | १४ | | | | | |

**कार्यपालिका बैठकः बैठक संख्या र निर्णयः ४ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरुः)**

1) कालिका नगरपालिकाको सार्वजनिक सौचालय संचालन तथा मर्मत कार्यबिधि,२०८१ स्वीकृत

2) कालिका नगरपालिकाको फोहरमैला ब्यवस्थापन कार्यबिधि,२०८० को संशोधन स्वीकृत
3) कालिका नगरपालिकाको जलश्रोत तथा मुहान दर्ता कार्यबिधि २०७५ को संशाोधन स्वीकृत
4) नगर दररेट २०८१/८२ स्वीकृत
5) कालिका नगरपालिकाको फोहरमैला ब्यवस्थापन सम्बन्धी प्रकृया अगााडी वढेको ।

**राजश्व उपशाखा**: प्रथम चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड ५६ लाख ४७ हजार ५ सय ६४ मात्र।

व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं ।

**महिला बालबालिका तथा सामाजकल्याण शाखाः**

1. सामाजिक सुरक्षा भत्ता वितरणः

| वर्ग (प्रथम त्रै) आ.व ०८१/८२ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ४३ | ७ | २ | २६ | २ | १३ | ७ | १०० |
| जम्मा | २८५१ | १२३ | २९६ | ६४९ | ८२ | २४० | १७५ | ४४१६ |

✓ लगत कट्टा १३ जना
✓ जम्मा वितरित भत्ताः ४ करोड ५२ लाख ४२ हजार २ सय ३४ । (रु ४५२४२२३४।- )

2. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| हाल सम्म जम्मा | ८३ | २५० | १०३ | २४ | ४६० | जम्मा ५१६ जना |
| प्रथम चौमासिकको | ११ | ३९ | ५ | १ | ५६ | |

3. अन्य सम्पादित कार्यहरूः

✓ जेष्ठ नागरिक परिचयपत्र वितरण (६० वर्ष माथि) आ.व २०८१/०८२ प्रथम चौमासिकमा ८ जना ( हालसम्म जम्मा २२७३ जना)
✓ महिलाहरुको क्षमता विकास एवं हरितालिका तिज बिशेष कार्यक्रम अन्तर्गत खुल्ला तीज गित प्रतियोगिता कार्यक्रम गरि .सम्पन्न ( दलित ७जना,जनजाती४९ जना र अन्य ३२५ जना जम्मा३८१ जना उपस्थित )

- ✓ बालमैत्री स्थानीय शासन सम्बन्धि संम्पर्क व्यक्तिहरु र सहजकर्ताहरुको लागि प्रशिक्षक प्रशिक्षण तालिम ४ दिने सम्पन्न (दलित२,जनजाती१३जना र अन्य९जना जम्मा२४ जनाको सहभागिता )
- ✓ सम्पुर्ण टोलहरु,विद्यालयहरुमा बाल समुहहरु गठन कार्य र वडा बाल संजाल गठन कार्य सम्पन्न।
- ✓ बालमैत्री स्थानीय शासनको नीतिगत,प्रकृयागत कार्य कार्यान्वयनका लागि अवलम्वन तथा घोषणा प्रकृया सम्बन्धी वडास्तरिय अभिमुखिकरण कार्यक्रम वडा न. १ बाट शुरुवात भएको।
- ✓ अपाङ्गता परिक्षण तथा अपाङ्गता परिचय पत्र वितरण प्रथम चौमासिकमा ५६ जना (म.२०जना, पु.२८जना, बालक६जना र बालिका२जना लाभान्वित)।
- ✓ आमाबाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरणका लागी बैठक सम्पन्न (६जना लाभान्वितका लागी भुक्तानी प्रकृयामा)।

**घटना दर्ता संख्या: (२०८१ साल श्रावण १ गते देखि २०८१ साल असोज ३० सम्म)**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| ९० | ९० | १८० | ३५ | ३८ | ७३ | १७ | ८१ | ५५ | १२४ | ३५ | ८५ | ४४१ |

**न्यायिक समिति तर्फः**

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको,

यो अवधिसम्म ४ वट्टा बैठक बसिएको ,

नगर स्तरमा ३ वटा मुद्दा दर्ता भएकोमा सो मध्ये ३ वटा नै मिलापत्र भएको जस्तै

गाली बेइज्यती–१

नाबालक छोरीलाई इज्जत आमद अनुसार लाउन र शिक्षा दीक्षा सम्बन्धी -१

साँधसिमाना सम्बन्धी बलेसी पानी सम्बन्धी -१

राजपत्र प्रकाशनः १ वटा कानून राजपत्रमा प्रकाशन भएको।

**<u>योजना तथा अनुगमन उपशाखा</u>**

क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्थाः

| सि.नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|
| १ | १ | २ | ० |
| २ | २ | ४ | ४ |
| ३ | ३ | ८ | ० |
| ४ | ४ | १ | ० |
| ५ | ५ | १ | ० |
| ६ | ६ | ५ | ० |
| ७ | ७ | २ | ० |
| ८ | ८ | ४ | ० |
| ९ | ९ | ५ | ३ |
| १० | १० | १ | 0 |
| ११ | ११ | १ | 0 |
| जम्मा | | ३४ | ७ |

७ वटा उपभोक्ता समितिले १६ लाख १३ हजार ९ सय नौ को कार्य सम्पन्न गरेका।

**पूर्वाधार विकास शाखा:**

**आ. व. २०८१/८२ ठेक्का प्रकृया बाट योजनाहरू कार्यान्वयनको अवस्था:**

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु।

कुल ठेक्का लगाईएको योजना: १३ वटा

ठेक्का खोलि सकेको: १० वटा

ठेक्का खुल्न बाँकी= ३ वटा योजना

ठेक्का खुली मुल्यांकन समाप्त भई आसएको सूचना जारी हुन बाँकि (सम्झौता प्रक्रियामा रहेको): ९ वटा र १ वटा ठेक्का मूल्यांकनको चरणमा रहेको।

| सि. नं | योजनाको नाम | योजना अवस्था |
|---|---|---|
| **आ.व २०८१/०८२ ठेक्का योजना विवरण र ठेक्काको अवस्था** | | |
| १ | कालिका नगरपालिका रेडक्रसग्राम स्कूल चोक देखि महिला संजाल भवन हुँदै पश्चिम भिमवली सामुदायिक वन सिमाना सम्म सडक निर्माण।<br>(प्रदेश समपुरक अनुदान) | प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब मूल्यांकन भई आसएको सूचना जारी हुन लागेको। |
| २ | मदन आश्रित मार्ग वडा नं २ र ४ सिमाना देखि पूर्व वडा नं २ र ३ को सिमाना प्रकाश मेडीकल हुँदै बांगे कुलो सम्म सडक निर्माण। | प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब मूल्यांकन भई आसएको सूचना जारी हुन लागेको। |
| ३ | वडा नं १ का बिभिन्न बाटो कालो पत्रे योजना। (योजना एकीकृत गरी ठेक्का भएको)खण्डहरु: १. वडा नं १ को जुटपानी एकेडेमी देखि दीपक मोक्तानको घर सम्म बाटो स्तररोंनती। र<br>२. लक्ष्मी श्रेष्ठको घर देखि बुद्धचोक सम्म सडक कालोपत्रे। | सम्झौता प्रक्रियामा रहेको। |
| ४ | वडा नं ५ का बिभिन्न बाटो कालो पत्रे योजना। (योजना एकीकृत गरी ठेक्का भएको)खण्डहरु: १. दिदिबहिनीको घर देखि जंगल छेउ सम्म कालोपत्रे।<br>२. दीपक देवकोटाको घर देखि पश्चिम कालोपत्रे।<br>३.रेवती ढकालको घर देखि पूर्व सडक स्तरोंनती-५ | सम्झौता प्रक्रियामा रहेको। |
| ५. | वडा नं ६ का बिभिन्न बाटो कालो पत्रे तथा बाटो स्तरोंनती योजना। (योजना एकीकृत गरी ठेक्का भएको)<br>खण्डहरु: १. कालिका प्रवेशद्वार देखि खोलेसिमल सडक स्तरोंनती ।<br>२. डोलनाथ दुलालको घरबाट बाबुराम बस्ताकोटीको घर सम्म कालोपत्रे। | सम्झौता प्रक्रियामा रहेको। |

| | | |
|---|---|---|
| ६. | वडा नं ३,४ र ७ का बिभिन्न बाटो कालो पत्रे योजना। (योजना एकीकृत गरी ठेक्का भएको)<br>खण्डहरु: १. स्याउली बजार भोजाड़े चोक कालोपत्रे।<br>२. १० नं बाटो पूर्व तर्फ कालोपत्रे<br>३.२ नं सिमाना पूर्व देखि इश्वरी ढकालको घर सम्म कालोपत्रे | सम्झौता प्रक्रियामा रहेको। |
| ७. | सिद्धी तीन दोभान देखि वडा नं ११ को कार्यालय पहुँच सडक निर्माण।<br>(संघिय समपुरक अनुदान) | ठेक्का खुली मूल्यांकनको चरणमा रहेको। |
| ८. | वडा नं २ का बिभिन्न बाटो कालो पत्रे योजना। (योजना एकीकृत गरी ठेक्का भएको)<br>खण्डहरु: १. राजेश्वर चौतारिया घर नजिक देखि पश्चिम कल्वर्टसम्म सडक कालोपत्रे।<br>२. वडा कार्यालय अगाडी सडक कालोपत्रे।<br>३. मदन आश्रित मार्ग स्तरोन्नति, कालिका-२, चितवन | सम्झौता प्रक्रियामा रहेको। |
| ९. | गिता कुमालको घर देखि क्लब चोक नाला निरन्तरता-कालिका ७ | सम्झौता प्रक्रियामा रहेको। |
| १०. | डाँडा कुमार घर खोल्सी अजिंगरे कल्वर्ट अधुरो निर्माण | सम्झौता प्रक्रियामा रहेको। |
| ११. | जमुनापुर मा.वि भवन निर्माण कालिका -६ (प्रदेश सरकार बिशेष अनुदान) | ठेक्का आब्हान भई ठेक्का खुल्न बाँकि। |
| १२. | विभिन्न कल्वर्ट मर्मत अधुरो। | ठेक्का आब्हान भई ठेक्का खुल्न बाँकि। |
| १३. | आधारभूत बिधालय लटौली अधुरो भवनको गाह्रो, प्लास्टर तथा रंगरोगन कालिका नगरपालिका ९ (नेपाल सरकार सशर्त अनुदान) | ठेक्का आब्हान भई ठेक्का खुल्न बाँकि। |

**पुर्वाधार निर्माण सम्बन्धी आ. व. २०८०/०८१ मा ठेक्का लगाई सो आ.व मा सम्पन्न हुन नसकेको योजनाहरुको अवस्था:**

- **जुटपानी देखि कालिका मन्दिर बाटो फराकिलो योजना:** निर्माण कार्य अन्तिम अवस्थमा रहेको। नापजांच कार्य तथा  फरफारक बाँकी रहेको।
- **सुन्दरबस्ती घोल बाटो कालोपत्रे** : निर्माण कार्य सम्पन्न भएको।
- **सडक बोर्ड अन्तर्गत विभिन्न बाटो मर्मत:** निर्माण कार्य भई रहेको। अन्दाजी ३५% कार्यको भौतिक प्रगति ।
- **गडुवा चोक देखि भरतपुर जोड्ने बाटो तथा बी.पी चोक देखि पूर्व ४ नं वडा कार्यालय सम्म सडक मर्मत योजना:** निर्माण कार्य सम्पन्नको अन्तिम अवस्थामा। गडुवा चोक देखि भालु खोला कल्वर्ट खण्डमा निर्माण बाटोमा समस्या रहेको हुँदा थप  मर्मत बाँकी रहेको।

**<u>पुरानो ठेक्का निर्माण सम्पन्न नभई बाँकी रहेको योजनाको अवस्था:</u>**

**१. नगरपालिका प्रशासकीय भवन**: निर्माण भइरहेको फिनिशिंग कार्य बाँकि रहेको। अन्दाजी ६८% भौतिक प्रगति ।

**२. डोकुन थोर्वालिंग गुम्बा कालिका ६:** पर्यटन पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन मन्त्रालयबाट समयमा बजेट निकासा नहुँदा निर्माण कार्य सम्पन्नमा ढिला हुन गएको। निर्माण कार्य भई रहेको। अन्दाजी ४५% भौतिक प्रगति।

**<u>बिगत आ.व ठेक्का लगाई रुग्ण अवस्थामा रहेको योजनाहरु विवरण:</u>**

**रुग्ण अवस्थामा रहेको योजना संख्या: ७ वटा**

विवरण र अवस्था

| सि. नं | योजनाको नाम | योजनाको हालको अवस्था | निर्माण ब्ववसायी |
|---|---|---|---|
| १. | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | म्याद थप पछि सुरु नभएको (बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेको साथै बाँकि कार्य सम्पन्न नगरेको। | अनेष्ट कन्स्ट्रक्सन |
| २. | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | (कार्य सुरु नभएको) सब बेश सम्म कार्य भएको र थप कार्य सुरु नभएको र ठेकदार सम्पर्कमा नरहेको<br>निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृया अगाडी बढेको । | अर्भान कन्स्ट्रक्सन |

| | | | |
|---|---|---|---|
| ३. | तुलसी खनालको घर देखि भिम पनेरुको घरसम्म कालो पत्रे | कार्य सुरु नभएको (सब बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान कन्स्ट्रक्सन |
| ४. | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्म कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान कन्स्ट्रक्सन |
| ५. | वडा नं. ८ को वडा कार्यालय भवन | कार्य सुरु नभएको (DPC सम्म कार्य भएको) राष्ट्रिय बन क्षेत्रमा भवन निर्माण कार्य गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरि पश्चात डिभिजन बन कार्यालयले निर्माण कार्यमा रोक लागाएकोले निर्माण कार्य रोकिएको । | स्काइलाइन कन्स्ट्रक्सन |
| ६. | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | **निर्माण ब्यवसायी मुद्दामा गएको।** निर्माण कार्य हुँदा बाटोमा कुलोको बिषयमा सम्मानित जिल्ला अदालतको निर्णयका कारण निर्माण कार्य अवरुद्ध भएकोमा अदालतको आदेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माण कार्य सुचारु निर्माण ब्यवसायीले नगरेका र निर्माण ब्यबसायी दुवै ठेक्का तोडी तथा क्षेतिपूर्ति पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन दिई मुद्दामा गएको। | पाण्डे कन्स्ट्रक्सन |
| ७. | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (दोस्रो पार्ट) | | |

**<u>विपद् ब्यवस्थापन:</u>**

- विपद् व्यवस्थापन कोषबाट बर्षात को कारण क्षती भएको नगरभित्र रहेको विभिन्न बाटोहरुमा ६८६ घन मिटर ग्रावेल राखी मर्मत गरिएको।
- प्राकृतिक विपत्तिमा परि मृतु भएको परिवारहरुलाइ उचित राहत वितरण गरि थप राहतको लागि सम्बन्धित निकाएमा सिफारिस भएको ।

- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी २३९.६ घण्टा , मिनी टिप्पर १०६८ कि.मि. र ग्रेडर २७.७ घण्टा हेभी मेसिन उपकरण प्रयोग भएको।
- सम्भावित मनशून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु,राजनैतिक दलहरु,,सुरक्षा निकायहरु ,सामाजिक संघ-संस्था हरु संग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सुची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ। हाल सम्म ९ वटा बैठक बैठक बसी ३८ वटा निर्णय भएका छन्।

**<u>वन तथा वातावरण</u>**

- कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा पेश गर्न पत्रचार गरिएको।
- ठुला आयोजना गर्दा वातावरणीय अध्यनको प्रतिबेदन स्वीकृत गर्ने कार्य गरिएको।
- कालिका नगरपालिका को मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ६० वोटा मुहान/संस्था दर्ता भयको।
- कयर खोला बाट दिगो रुपमा नदिजन्य पदार्थ उत्खनन तथा ब्यबस्थापन गर्न IEE (वातावरणिय अध्यायन) प्रकृया अन्तिम- अन्तिम चरण पुगेको।
- बुङ खोला बाट दिगो रुपमा नदिजन्य पदार्थ उत्खनन तथा ब्यबस्थापन गर्न IEE (वातावरणिय अध्यायन) प्रकृया अगाडि बढेको।

**<u>फोहर मैला ब्यबस्थापन</u>**

- समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी सम्वन्धित सेवा प्रदायक संस्था सँग आबश्यक छलफल तथा समन्वय भै रहेको।
- “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि -२०८०” (प्रथम संशोधन समेत) मा रहेका नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धि प्रावधान, नितिगत ब्यवस्थाहरु, नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, श्रोतमानै फोहर बर्गिकरण गर्ने आधारभुत विधिहरु समबन्धमा सम्पूर्ण नगरकार्यपालिका सदस्यहरु, नगर क्षेत्रभित्रमा सम्पूर्ण बजार ब्यबस्थापन समितिका अध्यक्षहरु एवम् समिति सदश्यहरुलाइ एकदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि -२०८०” (प्रथम संशोधन समेत) मा रहेका नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धि प्रावधान, नितिगत ब्यवस्थाहरु, नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, श्रोतमानै फोहर बर्गिकरण गर्ने आधारभुत विधिहरु समबन्धमा सम्पूर्ण वडा सदस्यहरु, नगर क्षेत्रभित्रमा सम्पूर्ण टोल ब्यबस्थापन समितिका अध्यक्षहरुलाइ एकदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न।

- जि. स. स. चितवनका प्रमुख, कालिका नगरपालिका वडा नं १ देखी ८ का वडा अध्यक्ष र कालिका नगरपालिका वडा नं १ देखी ८ अन्तरगत पर्ने सम्पुर्ण सामुदाईक बन उपभोक्ता समितीका अध्यक्ष, उपाध्यक्ष र सचिव हरुको सहभागितामा “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन का लागि Land-fill Site पहिचान एवं ब्यवस्थापन” बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी सम्वन्धित सेवा प्रदायक संस्था नियुक्तिकालागी प्राविधिक प्रस्ताब तयारी प्रकृया अगाडि बढेको ।

**आर्थिक प्रशासन शाखा र राजस्व तर्फ:**

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र. स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ५०,०७,७२,०००/- | १०,५८,६५,५०७/०८ | २१.१४% |
| २ | पुँजित खर्च | ४२,९०,०२,०००/- | ९४,३८,९५४/६२ | २.२% |
| जम्मा खर्च | | ९२,९७,७४,०००/- | ११,५३,०४,४६१/७० | १२.४% |

**ख. हाल सम्मको बजेट खर्चको अवस्था:**

| क्र. स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| १ | *संघीय सरकार* | ४५,२६,४६,०००/- | ११,०९,८३,८००/- |
| २ | *प्रदेश सरकार* | ७,३९,५०,०००/- | १,८४,८७,५००/- |
| ५ | *राजश्व बाँडफाँड* | २४,५१,७१,०००/- | ४,०६,३७,२४४/५१ |
| ६ | *आन्तरिक स्रोत* | ६,००,००,०००/- | १,३५,२४,८४३/६८ |

| | | | |
|---|---|---|---|
| ७ | *गत आ.व को बैंक मौज्दात* | ७,४५,०७,०००/- | ६,६१,२६,८८१/०२ |
| ८ | *जनसहभागिता* | १,००,००,०००/- | २,४३,५००/- |
| | कुल जम्मा | १२,९७,७४,०००/- | २५,००,०३,७६९/२१ |

**ग. राजस्व संकलन:**

| क्र.स. | राजस्व संकलन गर्ने कार्यालय | रकम |
|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | २९,८१,०६८/६३ |
| २ | वडा नं. १, कार्यालय | ९,६८,३६९/- |
| ३ | वडा नं. २, कार्यालय | १६,३०,२१५/८३ |
| ४ | वडा नं. ३, कार्यालय | ११,०६,४५६/१० |
| ५ | वडा नं. ४, कार्यालय | ९,८८,४४१/- |
| ६ | वडा नं. ५, कार्यालय | १३,८५,८९०/०२ |
| ७ | वडा नं. ६, कार्यालय | २१,७५,६३७/१० |
| ८ | वडा नं. ७, कार्यालय | १०,६८,२८५/- |
| ९ | वडा नं. ८, कार्यालय | ४,५१,०५१/- |
| १० | वडा नं. ९, कार्यालय | ६,८६,८४२/- |
| ११ | वडा नं. १०, कार्यालय | ६९,८८८/- |
| १२ | वडा नं. ११, कार्यालय | १२,७००/- |
| | जम्मा | १,३५,२४,८४३/६८ |

| |
|---|
| <u>शिक्षा यूवा तथा खेलकुद शाखा</u><br>1. विद्यालय संख्याः सामुदायिक ३३ र संस्थागत ११ जम्मा ४४<br>2. विद्यार्थी संख्याः जम्मा १४३४७ ( सामुदायिक र संस्थागत)EMIS 2081<br>3. शिक्षक कर्मचारी संख्याः ४१०( सामुदायिक र संस्थागत तर्फ )EMIS 2081<br>4. यस वर्षको कुल बजेटः सशर्त तर्फ २०, ५६, ०५ हजार (२५.५०% मात्र खर्च भएको ) र नगरपालिका तर्फ २,७०, ९१ हजार (११.६८% मात्र खर्च भएको )<br>5. नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको।<br>6. आर्थिक वर्ष २०८१/०८२ को विद्यालयको लेखा परिक्षकको दरखास्त संकलन गरिएको । लेखा परीक्षक नियुक्तीको काम प्रक्रियामा रहेको।<br>7. यस शैक्षिक सत्र २०८१ को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण गरेको।<br>8. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०८० को नतिजा समिक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।<br>9. सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. हरुलाई motivation and meditation तालिम सम्पन्न गरेको।<br>10.मानसिक स्वास्थ्य युवा जागरण तथा अनुशासन सम्बन्धी १ दिने सचेतनामूलक कार्यक्रम सञ्चालन भएको।<br>11. शिक्षा दिवश २०८१ मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।<br>12. नियमित रुपमा प्र अ वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु भइराखेको।<br>13. प्रथम चौमासिकमा विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान/ लगायत अन्य अनुदानहरु निकाशा भएको विद्यालयको खातामा पठाइसकेको ।<br>14. केही सामुदायिक विद्यालयहरुमा विद्युतिय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन भईरहेको तथा वाकी सामुदायिक विद्यालयहरुमा पनि क्रमश लागू गरिने।<br>15. विद्यालयहरुको नियमित अनुगमन तथा सुपरिबेक्षण गरिएको।<br>16. नगर शिक्षा योजनाको निर्माण कार्य अन्तिमीकरणमा पुगेको। |
| <u>स्वास्थ्य शाखाः</u><br>● ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) व्यक्तिहरुलाई घरैमा गइ श्रावण र असोज महिनामा स्वास्थ्य परिक्षण गरिएको।<br>● नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने ९८ प्रकारका निःशुल्क औषधी खरिद सम्झौता भई आपुर्ती भएको र हाल बितरणको क्रममा रहेको । |

- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको |
- बिपत तथा महामारी नियन्त्रण  अन्तर्गत डेंगी रोग नियन्त्रण गर्नकालागि सबै टोल बिकास संस्थाहरुले लामखुट्टेको बसस्थान खोज र नाष्ट गर्ने आभियान लगातार ८ हप्तासम्म संचालन गरिएको |
- डेंगु रोग परिक्षण गर्न  ३५० थान डेंगी  टेस्ट किट खरिद गरी वितरण गरेको |
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा सम्पन्न भएको |
- ११ वटा वडाका ७१७ घरधुरीका नागरिकहरुनगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्दा रु २५८५६००|०० (पचिस लाख सत्तरीहजार चार सय रुपया ) खर्च भएको |
- मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,मेरुदण्ड पक्षघात भएका तथा क्यान्सर रोगीहरुले मसिक पाउने रु पाँच हजार रुपया असोज महिनामा बितरण गरिएको।
- सुत्केरीलाइ पोषिलो  कोशेली अन्त्र

**कृषि तथ पशुसेवा शाखाः**

**कृषि बिकास शाखा तर्फः**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु | |
|---|---|---|---|
| १ | क्रप कटिङ सर्भे (धान, मकै, तोरी, आलु, तरकारी आदि) | धानको १७ वटा तथ्याङ्क सङ्कलन गरी उत्पादकत्व निर्धारण गरीएको । कालिका नगरपालिकामा आ.व. २०८१।८२ मा धानको उत्पादकत्व **४.९३** टन प्रति हेक्टर रहेको । | |
| २ | कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | कृषकको आबेदन सङ्कलन भई  छनौट कार्य भईरहेको | |
| ३ | मागमा आधारित केरा तथा मेवाको क्षेत्र विस्तार कार्यक्रम | कृषकको आबेदन सङ्कलन भई  छनौट कार्य भईरहेको | |
| ४ | कागती खेती गर्ने कृषकलाई बेर्ना तथा बोर्डो पेन्टमा ५०% अनुदान कार्यक्रम | कृषकको आबेदन सङ्कलन भई  छनौट कार्य भईरहेको | |

| | | | |
|---|---|---|---|
| ५ | किसान सूचिकरण | सूचिकरण कार्यक्रम वडा नं १ देखी ५ सम्म सुरु भई करिब १४०० जना कृषक सूचिकृत हुनुभएको र यो कार्यक्रम निरन्तर भईरहेको । | |
| ६ | गड्यौले मल उत्पादनका लागि ७०% अनुदानमा संरचना निर्माण कार्यक्रम | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |
| ८ | च्याउको बिउमा ५०% अनुदान कार्यक्रम | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |
| ९ | ड्रागन फ्रुट प्रवर्द्धन कार्यक्रम (५०% अनुदान) | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |
| १० | माटो परीक्षण कार्यक्रम | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |
| ११ | रोग किराको जैविक व्यवस्थापनका लागि आई.पी.एम. एप्रोच प्रदर्शन कार्यक्रम | जैविक विषादी तथा जैविक पासो वितरणको प्रकृया सुरु गर्ने तयारी भैरहेको । | |
| १२ | वडा नं ९,१० र ११ मा अदुवा, हलेदो, पिँडालु तथा अमिलो जातका फलफूलका बेर्ना वितरण कार्यक्रम (८०% अनुदान) | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |
| १३ | समस्यामा आधारित तालिम तथा गोष्ठी | १. किसान सूचिकरण सम्बन्धी गणकहरुलाई एक दिने तालिम सम्पन्न ।<br>२. वडा नं ११ मा धानबाली भण्डारण सम्बन्धी एक दिने तालिम सम्पन्न । | |
| १४ | साना तथा मझौला सिँचाई निर्माण तथा मर्मत संभार कार्यक्रम - ८५%अनुदान | कृषकको आबेदन सङ्कलन भई छनौट कार्य भईरहेको | |

**मल व्यवस्थापन तर्फः**

सवै वडाहरूमा मल प्राप्तिको लागि कृषक मलकार्ड लागु गरिएको । मलकार्ड लागु भए पश्चात अनावश्यक मल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ ।

**आ.व. २०८१/८२ कार्तिक २५ गतेसम्म प्राप्त जम्मा रसायनिक मल आपुर्ति भएको मलको परिमाण**

- युरिया – ३०० मे.टन. डि ए पी – ९४.७५ मे.टन. म्युरेट अफ पोटास - १५ मे.टन.

**बिक्रेताहरुः** कृषि सहकारीहरु: ८ वटा बहुउद्देश्यीय सहकारीहरुः ५ वटा एग्रोभेटहरु: ११ वटा जम्मा विक्रेताः २४ वटा

कृषकको खेतबारीमा देखिएका समस्याहरुको नियमित अनुगमन भएको।

१०६ जना कृषकलाई कृषि सम्बन्धि प्राबिधिक सेवा प्रदान गरिएको।

**अन्य कार्यक्रमः**

वडा स्तरीय कार्यक्रम अन्तर्गरत वडा नं ६ मा प्रति घर १ आँप र १ लिचीको बेर्ना वितरण कार्य सम्पन्न।

**पशु सेवा तर्फः**

पशुसेवा शाखाको दैनिक सेवाहरु तर्फः

- रेविज बिरुद्दको खोप तर्फ सामुदायिक कुकुर ४२१ , १९ वटा बिरालो र ५ वटा घरपालुवा जनावर गरि हाल सम्मः ४४५पशु लाई रेविज बिरुद्दको खोप लगाईएको छ।
- पशुपन्छी उपचार र परजिवि नियन्त्रण सेवा तर्फ २४५३३ वटा पशुहरुमा उपचार तथा निशुल्क औषधि बितरण गरिएको छ।
- प्रयोगशाला सेवा तर्फ ७२५ पशुहरुको गोवर तथा १९ पशुहरुको दुध परिक्षण गरिएको छ।
- बन्ध्याकरण सेवा तर्फ ४२६ वटा बोकालाई बन्ध्याकरण गरिएको छ।
- नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सेवा तर्फ १६९० वटा गाई तथा १०२ भैंसीहरुमा गरि जम्मा १७९२ पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ।
- ३१ जना कृषकले बिमा कम्पनीबाट गाई/भैंसी मृत्यु बापत बिमाबाट पाउने रकम भूक्तानीको लागि सिफारिस गरिएको।

**पशुसेवा शाखाको स्वीकृत बार्षिक कार्यक्रमहरु तर्फः**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु |
|---|---|---|
| १ | गाई/ भैसिको गोठ सुधार कार्यक्रम | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| २ | विश्व रेविज दिवस तथा रेविज विरुद्ध भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न भैसकेको |
| ३ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत हिउदे घाँसको बीउ बितरण | खरिदको प्रक्रियामा रहेको |
| ४ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद | खरिद प्रक्रियामा रहेको |

| | | |
|---|---|---|
| ५ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेको |
| ६ | गाईभैसीको भकारो सुधार | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| ७ | च्यापकटर वितरण कार्यक्रम | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| ८ | बाख्राको खोर सुधार कार्यक्रममा | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| ९ | ह्विल व्यारो बितरण कार्यक्रममा | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| १० | विविधिकरणका लागि मागअनुसारका डेरि उपकरण वितरण कार्यक्रम | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| ११ | पशुपंक्षिको आहारा दानाको उत्पादनको लागि कम्बाइन मिल वितरण | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| १२ | नश्ल सुधार कार्यक्रम प्रजनन जन्य उन्नत ब्याडे सांढे/ रांगो/ बोका वितरण तथा हस्तान्तरण (८० प्रतिशत अनुदानको कृषकको तर्फबाट २० प्रतिशत लागत साझेदारी रहने) | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| १३ | काउम्याट वितरण | प्रस्तावना संकलन भै अनुगमनको क्रममा रहेको |
| १४ | नगर भित्रका मासु तथा डेरि पसल अनुगमन | सम्पन्न भैसकेको |

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद् (आ.व २०८१/०८२)**

१. **<u>घर नक्सा पास तर्फ</u>**

| सि.नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत ( अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | ७ | ४ | ३ | १२ |

२. **<u>घर अभिलेखीकरण कार्य तर्फ</u>**

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | २२ | ९ |

३. **<u>अमिन सेवा माग तर्फ</u>**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा दिईएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | ४० | ३० | बाकी १० वटा अमिन माग निबेदन दिइ निवेदक सम्पर्कमा नआएको। |

**४. बाटो लगत कट्टा विवरण संख्या: (अंसबन्डा / अंस भरपाई प्रयोजन):** ९ वटा सिफारिश भएको।

**५. स्थानीय भूमि परिषद् तर्फ:** जग्गा बर्गिकरणको लागि बैठक निर्णय: १ वटा

**<u>भूमि आयोगको काम सम्बन्धी:</u>**

**<u>हाल सम्मको कार्य बिबरण:</u>**

जम्मा परिवार संख्याः ३७९५

नापी भएको जग्गा क्षेत्रफलः ४८६ विगाह

नापी सम्पन्न जग्गा कित्ता संख्याः ५१९६

अब जमिन नापजाँच हुन बाँकी क्षेत्रः वडा नं ९,१० र ११ मा नापी कार्य बाकी

**<u>२०८१/०८२ को प्रथम चौमासिकको कार्य बिबरण:</u>**

यस चौमासिकमा कुनै पनि क्रियाकलाप नभएको

**<u>उद्योग व्यवसाय दर्ता नवीकरण र खारेजी सम्बन्धी:</u>**

हाल सम्मको उद्योग व्यवसाय दर्ताको अवस्थाः १५६०

०८१/८२ को प्रथम चौमासिकमा दर्ता : ५५

नविकरण भएको जम्माः ९०

व्यवसाय बन्द :१९

| बजार अनुगमनः २ पटक ४५० वटा पसल , उद्योग सहकारी गरि |
| --- |
| **कालिका नगर अस्पताल**<br>● औसधिको सहज आपूर्ति गर्न E -Tender मार्फत ३३६ प्रकारको औसधि खरीद गर्न टेन्डर आवहान गरि खरिद प्रक्रीयामा रहेको ।<br>● ईमरजेन्सी सेवालिन आउने सेवाग्राहीहरुलाई अस्पतालबाट ईमरजेन्सी अवस्थामा प्रयोग हुने औषधि ब्यबस्थापन गरि २४ घण्टा सेवा प्रदान गरिएको ।<br>● विशेषज्ञ सेवा (बाल रोग,स्त्री रोग र भिडियो एक्सरे सेवामा )निरन्तरता रहेको र थप विशेषज्ञ सेवाको लागि प्रक्रीया अगाडी बढाईएको ।<br>● सेवाग्राहीको बढ्दो चाप मध्य नजर गरि भिड ब्यबस्थापन र सेवाग्राहीहरुलाई ओ पी डी टिकट लिन सहज बनाउन टोकन मेसिनको जडान गरिएको ।<br>● थाईराईड सहित थप प्रयोगशाला सेवा बिस्तार गर्न अटो एनालाईजर मेशिन जन स्वास्थ्य कार्यालय चितवन मार्फत जडान गर्ने तयारि गरिएको ।<br>● सेवाग्राहीको सहजताको लागि अस्पतालको भौतिक संरचना मर्मत तथा बिस्तार गरिएको । |

धन्यवाद